नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

मिति २०७५/५/७ गते जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं ५ स्थित जिल्ला समन्वय समिति बर्दियाको सभा कक्षमा पार्टी कार्यकर्ता भेटघाट कार्यक्रममा माननीय उप-प्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवज्यू सहभागी भईरहेको समयमा कार्यक्रममा अवरोध पु-याउने उद्वेश्यले हुलहुज्जत गरी कालो झण्डा देखाउने र विखण्डन सम्बन्धी नारा लगाउने राम मनोहर यादव समेत चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको ।

मिति २०७५/५/८ गते जिल्ला अदालत बर्दियाबाट प्रथम पटक ७ दिनको म्याद थप भई अनुसन्धानको लागि निजहरुलाई हिरासतमा राखिएको। हिरासतमा रहेका मध्ये जिल्ला बाँके जानकी गाउपालिका वडा नं ६ बस्ने राममनोहर यादव मिति २०७५/५/१४ गते विहान अन्दाजी ६: १५ बजेको समयमा एक्कासी विरामी भई बेहोस भएको हुँदा प्रहरीले तत्कालै निजलाई **जिल्ला अस्पताल गुलरिया** पु-याएकोमा सो अस्पतालले **भेरी अन्चल अस्पताल नेपालगन्ज** लैजान शिफारिश गरेको र तत्कालै थप उपचारका लागि भेरी अञ्चल अस्पताल, नेपालगन्ज लगिएकोमा सो अस्पतालमा सघन उपचार कक्ष उपलव्ध हुन नसकेकोले अस्पतालको शिफारिशमा निज यादवलाई **नेपालगन्ज मेडिकल कलेज बाँकेमा** उपचारार्थ लगिएको । सो अस्पतालमा समेत निजको उपचार हुन नसकी थप उपचारका लागि मिति २०७५/५/१५ गते त्रि.वि. शिक्षण अस्पताल महाराजगन्जमा मेडिकल सामग्री सहित स्वास्थ्यकर्मी गयाप्रसाद चौधरी, निजको नातेदार दिपक पासी र प्र.स.नि. निम बहादुर राउत्त समेतको टोली पठाईएकोमा राम मनोहर यादवको मृत्यु उपचाररत रहेकै अवस्थामा मिति २०७५/५/१६ गते त्रि.वि. शिक्षण अस्पताल महाराजगन्जमा भएको ।

हिरासतमा रहेको समयमा अस्वस्थ्य भएका राम मनोहर यादवको उपचारकालागि अधिकतम प्रयत्न गर्दा गर्दै पनि भएको निजको मृत्युको विषयलाई लिएर प्रहरीको हिरासतमा मृत्यु भएको, यातना दिईएको,मानवोचीत व्यवहार नगरेको जस्ता विषयहरु समाचार माध्यममा आएकोमा यसमा कुनै सत्यता नरहेको सर्वसाधारण सबैमा अनुरोध छ ।

मितिः२०७५/०५/१७

रामकृष्ण सुवेदी

प्रवक्ता/सहसचिव